ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था

प्रधान कार्यालय: बुटवल-१०, कालिकानगर, रुपन्देही

फोन: ०७१-४३८९५१, ४३८९२९, ४३८९५३ **फ्याक्स:** ०७१-४३८९५४

Email: info@gblbs.com.np, URL: www.gblbs.com.np

लेखापरीक्षण नभएको वित्तीय विवरण

आर्थिक वर्ष २०७६/७७ (चौंथो त्रयमास)

रु. हजारमा

क्र. स.	विवरण	मिति		
		२०७७ आषाढ मसान्त	२०७६ चैत्र मसान्त	२०७६ आषाढ मसान्त
१.	**कुल पुंजी तथा दायित्व** (१.१ देखि १.७ सम्म)	१३,०७२,१८१	१३,००५,७०५	१२,३८३,५२९
१.१	चुक्ता पुँजी	९८२,५००	९८२,५००	९२४,२९६
१.२	जगेडा तथा कोषहरु	६०६,३०८	५६८,२४६	५०९,९३९
१.३	ऋणपत्र तथा बण्डहरु	-	-	-
१.४	सापटी	४,६१३,४३२	४,६४२,२६६	४,९०१,३०८
१.५	निक्षेपहरु (क+ख)	३,५६२,७०७	३,५८५,२०६	३,२३७,८१३
	क) सदस्य	३,५६२,७०७	३,५८५,२०६	३,२३७,८१३
	ख) सर्वसाधारण	-	-	-
१.६	आयकर दायित्व	३५,४८९	२१,९८३	८८,००७
१.७	अन्य दायित्व	३,२७१,७४५	३,२०५,५०४	२,७२२,२४६
२	**कुल सम्पति** (२.१ देखि २.७ सम्म)	१३,०७२,१८१	१३,००५,७०५	१२,३८३,५२९
२.१	नगद तथा बैंक मौज्दात	८५९,७१०	५४६,१०४	७५६,१६५
२.२	माग तथा अल्प सुचनामा प्राप्त हुने रकम	-	-	-
२.३	लगानी	२,०२५	६,०७९	६,०७९
२.४	कर्जा तथा सापट	१०,२८९,४८८	१०,५४२,९१५	९,९०५,९९७
२.५	स्थिर सम्पति	२८,४३८	३४,१७१	३१,६१४
२.६	गैर बैकिङ्ग सम्पति	-	-	-
२.७	अन्य सम्पतिहरु	१,८९२,५२०	१,८७६,४३६	१,६८३,६७४
३	**नाफा नोक्सान हिसाब**			-
३.१	ब्याज आम्दानी	१,७४९,७६६	१,२१७,४६०	१,६८९,६४३
३.२	ब्याज खर्च	७१९,२९२	५५४,१३८	७१८,७४३
क	**खुद ब्याज आम्दानी** (३.१-३.२)	१,०३०,४७४	६६३,३२२	९७०,९००
३.३	कमिशन तथा अन्य सञ्चालन आम्दानी	१६५,७६८	१२९,८९०	१९०,४०७
३.४	सटही घटवढ आम्दानी/नोक्सान (खुद)	-	-	-
ख	**कुल संचालन आम्दानी** (क+३.३+३.४)	१,१९६,२४२	७९३,२१२	१,१६१,३०७
३.५	कर्मचारी खर्च	९१७,४४०	५११,२१९	७०१,५८०
३.६	अन्य सञ्चालन खर्च	९२,८७८	६६,७३५	१०४,८४५
ग	**सम्भावित नोक्सानी व्यवस्थाअघिको सञ्चालन मुनाफा** (ख-३.५-३.६)	१८५,९२३	२१५,२५८	३५४,८८२
३.७	सम्भावित नोक्सानी व्यवस्थाहरु	१९७,९३६	१८४,२३९	१०६,२०७
घ	**सञ्चालन मुनाफा** (ग-३.७)	(१२,०१२)	३१,०१९	२४८,६७५
३.८	गैर सञ्चालन आम्दानी/(नोक्सान) (खुद)	२,२८०		३,०७५
३.९	सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	१३९,७७०	४९,५३७	७०,७३७
ङ	**नियमित कारोबारहरुबाट भएको मुनाफा/(खर्च)** (घ+३.८+३.९)	१३०,०३८	८०,५५६	३२२,४८७
३.१०	असामान्य कारोबारहरुबाट भएको मुनाफा/(खर्च) (खुद)	८९	४८	२०३
च	**बोनस तथा करअघिको मुनाफा** (ङ+३.१०)	१३०,१२७	८०,६०४	३२२,६९०
३.११	कर्मचारी बोनस व्यवस्था	११,८३०	७,३२८	२९,३३५
३.१२	आयकर व्यवस्था	३५,४८९	२१,९८३	८८,००६
छ	**खुद नाफा/(नोक्सान) (च-३.११-३.१२)**	८२,८०८	५१,२९३	२०५,३४८
४	**अनुपातहरु** (%)			
४.१	पुँजीकोष/जोखिम भारीत रकम	१०.४२%	१०.५१%	१०.३८%
४.२	निष्क्रिय कर्जा/कुल कर्जा	५.०८%	७.८१%	४.१४%
४.३	कुल कर्जा बापत जोखिम व्यवस्था/कुल निष्क्रिय कर्जा	१०१.२१%	७३.५२%	१०८.९०%
४.४	Cost of funds (वित्तीय लागत)	८.८२%	९.०३%	९.१७%
४.५	Deposit to credit Ratio (कर्जा/निक्षेप अनुपात)	३४.६२%	३४.०१%	३२.६९%

सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखापरीक्षकले माथिको अपरिस्कृत वित्तीय विवरणमा थपघट गर्न निर्देशन दिएमा परिस्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ। विगत अवधिको रकमहरुलाई आवश्यकता अनुसार पुनर्समूहकरण तथा पुनर्वर्गिकरण गरिएको छ।

ब्याजदर

बचतमा ५-८.५ प्रतिशत र कर्जामा ११-१५ प्रतिशत

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३

अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ.व. २०७६/७७ को चौंथो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरु

प्रति शेयर आम्दानी : रू ८.४३ (वार्षिक)	**मूल्य आम्दानी अनुपात : ६६.४३**
प्रति शेयर नेटवर्थ : रू १६१.७१	**प्रति शेयर कूल सम्पत्ति : रू १,३३०.५०**
तरलता अनुपात : १०.५१ प्रतिशत	**पूँजीकोष अनुपात : १०.४२ प्रतिशत**

२. व्यवस्थापकीय विश्लेषण :

क) **यस अवधिमा संस्थाको मौज्दात, आम्दानी तथा तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण** : कारोबारमा भएको उतारचढाव, कोरोना महामारीको संक्रमण जोखिम नियन्त्रणका लागि भएको लकडाउनबाट श्रृजित समस्याका कारण कर्जा लगानी एंव असुलीमा परेको प्रभाव लगायतको कारणले संस्थाको कर्जा एवं निक्षेप, आम्दानी र तरलतामा परिवर्तन भएको छ। निक्षेप, कर्जा तथा मुनाफा सम्बन्धमा वित्तीय विवरणले प्रष्ट पारेको छ।

ख) विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) महामारीको संकमणबाट बच्न नेपालमा भएको लकडाउन (बन्दाबन्दी) को कारणले गर्दा यस संस्थाको कारोबारमा ठूलो असर परेको छ। यसरी विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (Covid-19) को जोखिम नियन्त्रण गर्न नेपाल सरकारले मिति २०७६ चैत्र ११ गते देखि नेपाल मुलुकभर लकडाउन गरेको, यस पश्चात हाल सम्म पनि संस्थाको शाखा संजाल रहेका विभिन्न स्थानहरुमा स्थानिय तहबाट भएका लकडाउन, स्थानिय तहहरुबाट जारी हुने कर्फु लगायतका कारण यस संस्थाको व्यवसाय नियमित रुपमा सञ्चालन हुन नसकिरहेको अवस्थाले नियमित कर्जा लगानी एवं असुली हुन नसकेको लगायतका कारणले संस्थाको समग्र वित्तीय अवस्थामा ठुलो असर परिरहेको छ। यस विषम परिस्थितीबाट संस्थामा पर्न गएको असाधारण असरलाई न्यूनीकरण गर्दै आगामी दिनमा संस्थाले श्रोतको उचित व्यवस्थापन एवं सुरक्षित लगानीलाई उच्च प्राथमिकता दिई काम कारवाहीलाई थप चुस्त-दुरुस्त बनाई प्रतिस्पर्धात्मक ढंगले कार्य अघि बढाउने र खर्च कटौती गर्दै कार्य सञ्चालन गर्नुपर्ने भएको छ। यसका लागि योजनाबद्धरुपमा संस्थाको व्यवसाय सञ्चालन एवं वृद्धिका लागि आवश्यक उपयुक्त कार्ययोजना तर्जुमा गरी अघि बढने नीति लिइएको छ।

ग) मुलकमा श्रृजना हुने विभिन्न किसिमका राजनैतिक, आर्थिक, प्राकृतिक घटना परिघटना लगायतका कारणले यस संस्थामा केही असर परेको भएता पनि संस्थाबाट उपयुक्त रणनीति एवं कार्ययोजना तर्जुमा गरी सुरक्षित ढंगले अघि बढ्ने नीति लिएकोले संस्थाको कारोबार सन्तोषजनक रुपमा भइरहेकोमा पछिल्लो अवस्थामा कोभिड-१९ सक्रमणको जोखिमबाट संस्थाको कारोबारमा ठूलो प्रभाव परेको छ।

३. कानुनी कारबाही सम्बन्धी विवरण :

क) गत त्रैमासिक अवधिमा संस्थालाई प्रतिवादी बनाई कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

ख) संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी आदि अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको कुनै जानकारी प्राप्त भएको छैन।

४) संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

क) यस संस्थाका शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भई कारोबार भईरहेको छ। शेयरको मूल्य तथा कारोबार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोबार प्रति तटस्थ छ। प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्बन्धित निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी संस्थाले उपलब्ध गराएको छ।

ख) नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com.np अनुसार गत त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोबार देहाय बमोजिम रहेको छ :

शेयरको अधिकतम मूल्य रू ५६०/-	**शेयरको न्यूनतम मूल्य रू ३४३/-**
शेयरको अन्तिम मूल्य रू ५६०/-	**कारोबार भएको कुल दिन १५ दिन**
कारोबार भएको कुल संख्या २,०३,८८५	

५) समस्या तथा चुनौति :

देशमा लघुवित्त वित्तीय संस्थाहरु थपिने र शाखा विस्तार हुने क्रम जारी रहेकोले लघुवित्त क्षेत्र थप प्रतिस्पर्धात्मक एवं चुनौतिपूर्ण बन्दै गएको, कर्जा लगानीमा दोहोरोपना बढेको, कर्जाको ब्याजदर घटाउदै लगिएको तर Cost of Fund मा सोही अनुरुप कमी भई स्थिर दर कायम हुने/नहुने यकिन नभएको, साथै हालको कोभिड-१९ सक्रमणको जोखिम कम भएपछि लगानी वृद्धि हुने सन्दर्भमा लगानी योग्य श्रोतको कमी हुने जस्ता समस्या तथा चुनौतीहरु देखिएका छन्। यसै गरी कोभिड-१९ को संक्रमण जोखिमका कारण विभिन्न स्थानमा लकडाउन हुने, कर्फु लाग्ने अवस्था रहेकोले संस्थाको व्यवसाय नियमित रुपमा सञ्चालन हुन नसकेको, नियमित कर्जा लगानी एवं असुली हुन नसकेको लगायतका कारणले संस्थाको समग्र वित्तीय अवस्थामा ठुलो असर परिरहेको छ। यद्यपि यस परिस्थितीबाट संस्थामा पर्न गएको असाधारण असरलाई न्यूनीकरण गर्दै आगामी दिनमा संस्थाले श्रोतको उचित व्यवस्थापन एवं सुरक्षित लगानीलाई उच्च प्राथमिकता दिई काम कारवाहीलाई थप चुस्त-दुरुस्त बनाई प्रतिस्पर्धात्मक ढंगले कार्य अघि बढाउने र खर्च कटौती गर्दै जाने रणनीति लिएको छ।

६) संस्थागत सुशासन :

यस संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन सम्बन्धी निर्देशनको पूर्णरुपमा पालना गर्नुका साथै संस्थागत सुशासन अभिवृद्धिका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक कार्य गरिरहेको छ। संस्थाको कार्यक्रम सञ्चालन समेतमा जोखीम कम गरी कारोबारलाई चुस्त, छिटो-छरितो र सुरक्षित बनाउन सञ्चालक तथा व्यवस्थापन तहबाट विभिन्न नीति नियम तथा निर्देशिकाहरु तयार गरी लागु गरिएको, संस्थाको लेखा परीक्षण समितिबाट संस्थागत सुशासन सम्बन्धमा नियमित रुपमा लेखाजोखा गर्ने गरिएको छ। नेपाल राष्ट्र बैंकको निरीक्षण, वाह्य तथा आन्तरिक लेखा परीक्षणको प्रतिवेदनका आधारमा संस्थागत सुशासनलाई अझ सुदृढ बनाउन संस्था कटिबद्ध रहेको छ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई सु-सूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।